किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ | संख्याः १० | मितिः २०७५/०३/२५

**भाग-१**

**किस्पाङ गाउँपालिका**

## किस्पाङ गाउँपालिका शिक्षा ऐन, २०७५

**प्रमाणीकरण मितिः २०७५।०३।२५**

**गाउँसभाबाट स्वीकृत मितिः २०७५।०३।२५**

**प्रस्तावनाः**

यस गाउँपालिका र राष्ट्रिय विकासका लागि आवश्यक जनशक्ति तयार गर्न, सबै बालबालिका तथा मानव हितका निमित्त उच्च गुणस्तरको जिवनपर्यन्त सिकाइद्धारा आवश्यक पर्ने योग्य, दक्ष, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ ज्ञान दिन, विवेकको विकास गर्न र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था अनुकुल सदाचार र नैतिकता कायम राख्न यस

गाउँपालिकाभित्र विद्यालयहरुको स्थापना, सञ्चालन र व्यवस्थापन गर्दै युगानुकुल, गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२१, उपदफा (१) र (२), अनुसूची ८ को (८) साथै अनुसूची ९ को (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३ को दफा ११ को उपदफा २(ज) मा भएको १ देखि २३ सम्म भए बमोजिम किस्पाङ गाउँपालिकाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम किस्पाङ गाउँपालिका शिक्षा ऐन २०७५ रहेको छ ।

(२) यो ऐन किस्पाङ गाउँपालिकाभर तुरुन्त लागु हुनेछ ।

(३) यो ऐन किस्पाङ गाउँसभाबाट प्रमाणीकरण भईसकेपछि गाउँपालिकाको सूचनापाटी वा गाउँपालिकाको राजपत्र वा गाउँपालिकाको वेवसाइडमा सूचना प्रकाशित गरी तोकिएको क्षेत्रमा तोकिएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "प्रारम्भिक बालशिक्षा" भन्नाले तीन वर्ष उमेर पुरा गरेका बालबालिकालाई दुई वर्षको प्रारम्भिक शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, सुस्त श्रवण र बौद्धिक वा शारीरिक रुपले अपाङ्गता भएका बालबालिकालाई छुट्टै समुहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छ ।

(१) दृष्टिविहिन, बहिरा, सुस्त श्रावण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा सम्झनुपर्छ ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई बिभेदरहित वातावरणमा न्यायपुर्ण ढंगले दिने शिक्षा सम्झनु पर्छ ।

(च) "सामुदायिक विद्यालय" भन्नाले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(छ) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका सम्झनुपर्छ ।

(ज) "गाउँसभा" भन्नाले किस्पाङ गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(झ) "संस्थागत विद्यालय" भन्नाले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) "आधारभूत विद्यालय" भन्नाले दफा २ को उपदफा (२) बमोजिम शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ठ) "विद्यालय" भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ड) "माध्यमिक विद्यालय" भन्नाले दफा २ को उपदफा (ग) बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(ढ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापन सम्झनुपर्छ ।

(ण) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रधानाध्यापक जनाउँछ ।

(त) "अध्यक्ष" भन्नाले विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ ।

(थ) "सदस्य" भन्नाले विद्यालयको व्यवस्थापन समितिको सदस्य सम्झनुपर्छ ।

(द) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले दफा १२ को प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थिको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ध) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(न) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(प) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(फ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ब) "अनुमति् भन्नाले संघीय सरकार, प्रदेश सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(भ) "स्वीकृति् भन्नाले तोकिए बमोजिम शर्त पूरा गरेको विद्यालयलाई गाउँपालकिाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(म) "आवासीय विद्यालय" भन्नाले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(य) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा व्यक्ति समुह वा सामाजिक संघ संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजीगुठी सम्झनु पर्छ ।

(र) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास पाउने गरी नेपालको नागरिकलाई उपलब्ध गराइएको डाइभर्सिटी एमीग्रेन्ट भिसा(डि.भी), पर्मानेन्ट रेजिटेन्ड भिसा (पि.आर.) वा ग्रीनकार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(ल) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाइ गरी प्राविधिक र व्यवसायिक शिक्षा प्रदान गर्न कक्षा नौ (९) देखि बाह्र (१२) सम्म अध्यापन गराइने शिक्षा सम्झनुपर्छ ।

(व) "स्थानीय अस्थायी अध्यापन अनुमति पत्र" भन्नाले किस्पाङ गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक एवं संस्थागत विद्यालयहरुमा संघीय वा प्रादेशिक सरकारले निर्धारण गरेको दरवन्दी बाहेक करारमा शिक्षक नियुक्ति गर्ने प्रयोजनका लागि तोकिएको मापदण्ड पुरा गरेर दिइने अध्यापन अनुमति पत्रलाई सम्झनुपर्छ ।

(श) "मन्त्रालय" भन्नाले संघीय कानुन बमोजिम गठित शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा हेर्ने प्रादेशिक मन्त्रालयलाई समेत सम्झनुपर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्नेः** (१) कुनै नेपाली नागरिक वा नागरीक समुह वा सामाजिक संघ संस्थाहरुले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा ताकिएको विवरण खुलाई

आधारभूत विद्यालय र माध्यमिक विद्यालयको लागि सम्बन्धित वडा शिक्षा समितिको सिफारिस सहित गाउँपालिका समक्ष अनुमतिको लागी निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा गाउँपालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरिएको देखिएमा गाउँपालिका वा गाउँपालिकाले तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भको बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्न तोकिएको अधिकारी समक्ष यो निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन पउपर आवशेयक जाचँबुझ गर्नेछ।जाचँबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृत दिइनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृत दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा जग्गा तथा भवन दान दातव्य दिएकोमा सो भवन वा त्यस्तो जग्गामा बनाई सञ्चालन भएको विद्यालय,

(७) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएतापनि आफ्नै स्रोतबाट प्रारम्भिक बाल शिक्षा खोल्ने अनुमति वा स्वीकृत सम्बन्धित गाउँपालिकाले दिइनेछ ।

(क) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुराहरुमा देहाय बमोजिम गर्नुपर्नेछ ।

(१) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनुपर्ने,

(२) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक वोर्डमा सार्वजनिक गुठी भए कम्तीमा ५ जना र निजी गुठी भए कम्तीमा ३ जना सदस्य हुनुपर्ने,

(३) शैक्षिक गुठीको आय-व्यायको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्ने,

(४) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालकले आफ्नो जीवनकालमै शेष पछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने,तर, सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(ख) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(ग) उपदफा ७ (ख) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनुपर्ने विषय, पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. उपदफा मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्वन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।तर, विदेशी शिक्षण संस्थासँग सम्वन्धन गरी विद्यालय खोल्ने सम्वन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिस भई मन्त्रालयले अनुमति दिएमा गाउँपालिकाले शर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । त्यसरी विद्यालय खोल्नको लागि गाउँपालिका समक्ष सिधै निवेदन दिन सकिनेछ ।

९. उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

१०. उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्वन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागु हुने छैन ।

**४. विद्यालय सञ्चालनः** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५. परीक्षाको सञ्चालन, व्यवस्थापन, परिचालन र नियन्त्रणः** (१) आधारभूत तहको अन्त्यमा हुने परीक्षा गाउँपालिकाबाट सञ्चालन हुनेछ ।

(२) परीक्षा सञ्चालन, परिचालन र नियन्त्रण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् -

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

तर त्यस्तो शिक्षामा थप एक वर्ष तोकिए बमोजिम व्यावहारिक अभ्यास गराइनेछ ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दुर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धि व्यवस्थाः**

(१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृत दिन सक्नेछ ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दृष्टिविहिन, न्युन दृष्टियुक्त, पूर्ण दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दुर शिक्षा तथा खुला शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**८. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषामा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थमा विद्यालयमा शिक्षाको देहाय बमोजिम हुन सक्नेछ।

(क) आधारभूत शिक्षा पहिलो (प्रारम्भिक बाल शिक्षा देखि कक्षा पाँचसम्म) मातृभाषामा दिन सक्नेछ।

(ख) गैर नेपाली नागरिकले किस्पाङ गाउँपालिका भित्रका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषय अध्ययन गर्न पर्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ।

(घ) अनिवार्य अंग्रजी विषय अध्ययन गराउँदा अंग्रजी भाषामा नै गराउनु पर्नेछ।

(ङ)

९. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** विद्यालयले संघीय सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्नेछ। स्थानीय पाठ्यक्रम तोकिए बमोजिम हुनेछ।

१०. **गाउँ शिक्षा समिति समितिः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख र व्यवस्थापन गर्न तथा विभिन्न विद्यालयविच समन्वय काम समेतको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष — अध्यक्ष

(ख) गाउँ कार्यपालिकाले तोकेको गाउँ कार्यपालिका सदस्यहरुमध्येबाट कम्तीमा एक महिलासहित दुईजना सदस्यहरु — सदस्य

(ग) सम्बन्धित गाउँपालिका क्षेत्रभित्रका विद्यालयका विद्यालय व्यवस्थापन गाउँपालिका शिक्षा समितिले मनोनित गरेको एक जना — सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरुमध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको एक जना दलित र एकल महिलासहित ४ जना —सदस्य

(ङ) सम्बन्धित गाउँपालिका क्षेत्रभित्र रहेका संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट सम्बन्धित गाउँपालिकाले मनोनित गरेको दुई जना —सदस्य

(च) सम्बन्धित गाउँपालिका क्षेत्रभित्र स्थित विशेष शिक्षा, समावशी शिक्षा वा स्रोत कक्षा संचालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धि शिक्षण संस्थाबाट प्रतिनिधित्व गरेको अपाङ्गता भएको व्यक्ति एक जना — सदस्य

(छ) गाउँपालिका शिक्षक महासंघको अध्यक्ष — सदस्य

(छ) गाउँपालिका शिक्षा समितिमा सम्वन्धित शिक्षा शाखा हेर्ने अधिकारी —सदस्य सचिव

(२) गाउँपालिका क्षेत्रभित्रका विद्यालयका प्रधानाध्यापकहरुलाई उपदफा १ बमोजिमको समितिको बैंठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम मनोनित सदस्यका पदावधि ४ वर्षको हुनेछ। मनोनित सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ ।तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(४) गाउँपालिका शिक्षा समितिको अन्य काम, कर्तव्य, अधिकार र वैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**११. वडा शिक्षा समितिको गठन सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाका प्रत्येक वडाका क्षेत्रभित्र सञ्चालित विद्यालयको रेखदेख, व्यवस्थापन र सञ्चालन गर्नका लागी प्रत्येक वडामा समितिको गठन देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित वडाको वडाध्यक्ष -अध्यक्ष

(ख) गाउँपालिकाका शिक्षा समितिको सदस्यहरुमध्येबाट गाउँपालिका शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(ग) वडा समितिले आफुमध्येबाट मनोनित गरेको एक जना -सदस्य

(घ) सम्बन्धित वडाको सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ.हरु मध्येबाट वडा समितिले मनोनित एक जना -सदस्य

(ङ) अभिभावकहरुहरुमध्येबाट वडा समितिले मनोनित गरेको कम्तीमा एकल महिला र एक जना दलितसहित तीन जना -सदस्य

(च) स्थानीय शिक्षाविद्, बुद्धिजीवि एवं समाजसेवीमध्येबाट वडाअध्यक्षले मनोनित गरेको दुई जना -सदस्य

(छ) सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि ४ वर्षको हुनेछ ।मनोनित सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

**१२. विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

(क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका एकजना महिला सहित चारजना —सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्यहरुमध्येबाट वडा अध्यक्षले तोकेको व्यक्ति एकजना —सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, सेवा निवृत शिक्षक, विद्यालयलाई निरन्तर सहयोग गर्ने वा विद्यालयलाई एक लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको चारजना —सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना —सदस्य

(ङ) विद्यालय बाल क्लवमा रहेका एक छात्र र एक छात्रा गरी दुईजना —आमन्त्रित सदस्य

(च) विद्यालयको प्रधानाध्यापक —सदस्य सचिव

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका स्तरमा उद्योग तथा वाणिज्य महासंघका दुई जना सदस्य रहनेछन्।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख), वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट ५छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मको लागि वा अध्यक्षको अनुपस्थितीमा सो समितिको ज्येष्ठ सदस्य सो सो समितिको अध्यक्ष हुनेछ।

(५) विशेष शिक्षा सञ्चालन गर्ने विद्यायको व्यवस्थापन समितिमा कम्तीमा ५० प्रतिशत सदस्यहरु अपाङ्गता भएको व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ।

(६) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरुमध्येबाट एक जना महिलासहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको तीनजना -सदस्य

(ग) स्थानीय समाजसेवी वा समाजसेवीहरुमध्येबाट सम्बन्धित गाउँ शिक्षा समितिले मनोनित गरेको दुईजना -सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय सुपरिवेक्षक वा स्रोत व्यक्ति -सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुहरुमध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक —सदस्य सचिव

(७) उपदफा (१) र (६) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।त्यस्ता अध्यक्ष सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय सरकार वा प्रदेश सरकार वा गाउँपालिकाले भवन वा जग्गा उपलब्ध गराएको वा कुनै किसिमको सहयोग दिएको वा विशेष उद्देश्यबाट सञ्चालित वा विशेष शिक्षा सञ्चालन गर्ने कुनै संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन गाउँपालिकाबाट हुन आवश्यक देखिएमा गाउँ शिक्षा समितिले त्यसका कारण खुलाई आफैं गर्न सक्नेछ।

(९) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल-अचल सम्पत्तिको लागत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र सोको जानकारी वडा शिक्षा समिति र गाउँ शिक्षा समितिलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न, राजनैतिक,धार्मिक वा सम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) शिक्षा विकास तथा समन्वय ईकाई वा गाउँ शिक्षा शाखाबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) शिक्षा विकास तथा समन्वय ईकाई वा गाउँ शिक्षा शाखाले तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(झ) गाउँ शिक्षा समिति र वडा शिक्षा समितिले दिएको आदेश तथा निर्देशनहरुको पालना गर्ने,

(ञ) आफैंले नियुक्ति वा बढुवा गरेका शिक्षकहरुको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ट) शिक्षक-अभिभावक बिच जीवन्त समन्वय कायम गर्दै शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षक-अभिभावक संघ गठन गर्ने,

१०. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल-अचल सम्पत्तिको सुरक्षा रसंरक्षण गर्ने,

(घ) विद्यालयको स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) संघीय वा प्रदेश वा गाउँपालिकाले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपले लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरु पढाउन आवश्यक देखिएमा गाउँपालिकासँग स्वीकृति लिने,

(च) आयोगबाट अध्ययन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागी उम्मेदवार हुन योग्यता पुरा गरेको व्यक्तिलाई मात्र शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) अस्थायी रुपमा नियुक्त शिक्षकलाई स्थायी हुने अवसर प्रदान गर्नको लागि यो खण्ड प्रारम्भ हुनु अघि नियुक्त शिक्षकको हकमा यो खण्ड प्रारम्भ भएको मितिले र यो खण्ड प्रारम्भ भएपछि नियुक्त शिक्षकको हकमा यसरी नियुक्त भएको मितिले ६ महिना भित्र स्थायी पूर्ति सम्बन्धि प्रकृया सुरु गर्ने,

(ज) संघीय सरकारले तोकी दिएको स्केलम नघटाई शिक्षकलाई तलव प्रदान गर्ने,

(झ) अनुशासनहीन शिक्षक उपर कारवाही गर्ने,

(ञ) गाउँपालिकाले दिएको निर्देशनहरुको पालना गर्ने,

११. शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार  र बैठक सम्बन्धित गाउँपालिकाको नियमावली वा कार्यविधिले तोकिए बमोजिम हुनेछ।

**१३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः** (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाई वडा शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ। तर यसरी विघटन गर्न अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँपालिका शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

**(१४) गाउँपालिका शिक्षा विकास कोषः** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि गाउँपालिका स्तरमा एक गाउँपालिका शिक्षा विकास कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछलः

(क) संघीय सरकार वा प्रदेश सरकार वा गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको बार्षिक कुल आम्दानीको तोकिए बमोजिमको रकम,

(ग) चन्दाबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम

**१५. गाउँपालिका शिक्षा विकास कोष संचालक समितिः** (१) गाउँपालिका शिक्षा विकास कोष सञ्चालन गर्नको लागि देहाय बमोजिम एक कोष सञ्चालक समिति रहनेछः

(क) गाउँपालिका शिक्षा शाखाको प्रमुख वा निजले तोकिएको व्यक्ति - अध्यक्ष

(ख) गाउँपालिकाको प्रतिनिधि वा निजले तोकिएको व्यक्ति एक जना - सदस्य

(ग) गाउँपालिका भित्रको विद्यालयका शिक्षकहरुमध्येबाट एक जना - सदस्य

(घ) संस्थागत विद्यालयका लगानीकर्ता/संस्थापकहरुमध्येबाट एक जना - सदस्य

(ङ) विद्यालय सुपरिवेक्षक/स्रोत व्यक्ति/शिक्षा शाखाको कर्मचारी (शिक्षा हेर्ने) - सदस्य सचिव

**१६. विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला रहनेछः

(क) गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्कबाट आउने रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम,

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालन र लेखा परिक्षण तोकिए बमोजिम हुनेछ।

**१७. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले आवश्यकता अनुसार वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु प्रत्येक वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**१८. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः**

गाउँपालिका वा  तोकिएको अधिकारीले गाउँ शिक्षा समितिको राय लिई सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द वा तोकिएको ठाउँ वा क्षेत्रमा खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**१९.  सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** संघीय सरकार वा प्रदेशिक सरकार वा गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**२०. स्थानीय अस्थायी अध्यापन अनुमति पत्र लिनुपर्नेः** विद्यालयले सामुदायिक श्रोतबाट करारमा नियुक्ति गर्न तोकिए बमोजिमको स्थानीय अध्यापन अनुमति पत्र लिएका व्यक्ति मात्र उम्मेदवार हुन योग्य हुनेछन। नेपाल सरकारबाट अध्यापन अनुमति प्राप्त उम्मेदवारलाई यो दफा लागू हुने छैन। यस्तो स्थानीय अस्थायी अध्यापन अनुमति पत्र किस्पाङ गाउँपालिकामा मात्र लागू हुनेछ।

**२१. अनुदान कटौती नगरिनेः** संघीय सरकार वा प्रदेश सरकार वा गाउँपालिकाले यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिदै आएको अनुदान रकममा सामान्यतया कटौती गरिने छैन।

**२२. छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** गाउँपालिकाले आधारभूत र माध्यमिक शिक्षाका लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

**२३. प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान दिन सक्नेः** संघीय सरकार वा प्रदेश सरकार वा गाउँपालिकाले गाउँपालिका भित्र खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ।

**२४. प्रारम्भिक बाल शिक्षा को सञ्चालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।**

**२५. साँझेदारीमा विद्यालय सञ्चालन गर्न सक्नेः** (१) गाउँपालिका शिक्षा समितिले सामुदायिक विलालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालय तथा एक भन्दा बढी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयबिच साँझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ।

**२६. विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले गाभिएको विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका विद्यालयको कोषमा जम्मा गरिनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ ।

कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न सकिने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको स्वीकृति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ–

संस्थाबाट त्यसरी चल–अचल सम्पति प्राप्त गर्नु अघि संघीय सरकार तथा प्रादेशिक सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाईने छैन।

**२७. विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**२८. अनुमति वा स्वीकृति रद्द गर्नेः** (१) कुनै संस्थागत विद्यालयले यो ऐन वा त्यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**२९. विद्यालयको बर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा बर्गीकरण गरिनेछ।

**३०. विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेः** (१) विद्यालयलाई स्वतन्त्र र भय रहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

**३१. शुल्क सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो ईच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सक्नेछ।

(३) सबै बालबालिकालाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपि तथा बहिरा, स्वर वा बोलाई सम्बन्धि अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निशुल्क शिक्षा प्रदान गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिम निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा लिईने शुल्क तोकिए बमोजिम हुनेछ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(८) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ।त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार दिनेछ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

(९) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले तीस हजार रूपैयाँसम्म जरिवाना गर्न सकिनेछ ।

**३२. गाउँपालिका शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः (१) गाउँपालिका शिक्षक महासंघको गठनः**

(क) सामुदायिक विद्यालयका शिक्षकहरुले पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गाउँपालिका स्तरको एक शिक्षक महासंघ रहने छ।

(ख) गाउँपालिकाले शिक्षक महासंघको निर्वाचन तोकिए बमोजिम हुनेछ।

**(२) शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(क) शिक्षक तथा कर्मचारीको पदीय आचरण तोकिए बमोजिम हुनेछ।

(ख) देहायका अवस्थामा शिक्षक वा कर्मचारी पदबाट हटाईनेछ।

(१) पदीय दायित्व पूरा नगरेमा,

(२) बिना सुचना लगातार ९० दिन भन्दा बढी समयसम्म विद्यालयमा अनुपस्थित रहेमा,

(३) विद्यालयवधिमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(४) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय भएमा,

(५) सामुदायिक विद्यालयमा शिक्षक वा कर्मचारीले कार्यालयको समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(६) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाईएमा।

**३३. स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति गर्नको लागि आवेदन दिनु हुँदैन।

**३४. सजाय नहुनेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो दफा प्रारम्भ हुनुअघि स्थायी अनुमति लिएको वा सोको लागि आवेदन दिएको सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारीले स्वीकार गरी यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र आफुले प्राप्त गरेको स्थायी अनुमति त्यागेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि दिएको निवेदन रद्द गर्नका लागि सम्बन्धित मुलुकमा लिखित अनुरोध गरेको प्रमाण सहित निवेदन दिएमा त्यस्तो शिक्षक वा कर्मचारीहरुलाई यो ऐन बमोजिम सजाय गरिनेछैन।

**३५. शैक्षिक योग्यताः** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता प्रचलन कानुन हुनेछ।

**३६. शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्नेः** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ।

**३७. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धि काम बाहेक अन्य काममा लगाउनु हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धि काम, प्राकृतिक प्रकोप उद्धार वा संघीय, प्रादेशिक एवं स्थानीय सरकारले तोकेको अन्य कुनै काम गराउन सकिनेछ।

**३८. अदालतको आदेशबाट पुनः वहाली हुन सक्नेः** (१) दफा ३२ को २ (ख) मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाईएको वा वर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः वहाली हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुनः वहाली भएको शिक्षकको नोकरीबाट हटेदेखि पुनः वहाली भएको मिति सम्म पुरा तलव भत्ता र तलव वृद्धि पाउने भए सो समेत पाउने छ।

**३९. शिक्षक नियुक्ति र सरुवाः** (१) विद्यालयमा रिक्त तथा शिक्षक दरबन्दी, अस्थायी वा करार दरबन्दीमा नियुक्ति तोकिए बमोजिम हुनेछ।

(२) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा संचालनमा बाधा नपर्ने गरी गाउँ शिक्षा समितिले तोके बमोजिम प्रकृया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्न सकिनेछ।

(३) सरुवा हुन आवेदन दिने दरबन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा संचालनमा बाधा नपर्ने गरी गाउँपालिकाले अर्को गाउँपालिकामा सरुवाको लागि सहमति दिन सकिनेछ।

**४०. दरबन्दी मिलानः** तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पुरा गरी दरबन्दी मिलान गर्न सकिनेछ।

**४१. संस्थागत विद्यालयमा लागु नहुनेः** यस ऐनमा लेखिएको दफा ३९ र ४० संस्थागत विद्यालयको हकमा लागु हुने छैन।

**४२. संस्थागत विद्यालयले छात्रबृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) सस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्नता, अपाङ्गता भएकाहरु, महिला दलित वा जनजाति विद्यार्थीलालाई उपलब्ध गराउनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम छात्रबृत्तिको लागि प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यपक, गाउँपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावक प्रतिनिधि रहेको एक छात्रबृत्ति छनौट समिति रहनेछ।

(३) समितिले छनौटको लागि आधार शर्त र प्रक्रिया पुरा गरी सो विद्यालय समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्छ। साथै समितिको छात्रबृत्तिको लागि छनौटको नतिजाको आधार सहित सार्वजनिक गर्नुपर्दछ।

**४३. तलब भत्ता नपाउने र सेवा अवधि गणाना नहुने:** दफा ३८ मा उल्लेखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित भएको तलब भत्ता पाउने छैन। र त्यसको अवधि सेवा समेत गणाना हुने छैन।

**४४. प्रधानाध्यपक तथा कर्मचारी सम्बन्धी व्यवस्था:** (१)सामुदायिक विद्यालयमा एक प्रधानाध्यपक र गाउँपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारी दरबन्दी रहनेछ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यपक तथा कर्मचारी नियुक्ति सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**४५. बालबालिकालाई निष्काशन गर्न शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने:** (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईदैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईदैन।

**४६. अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने:** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, बृजकोर्ष, भाषा शिक्षण कक्ष, पूर्वतयारी कक्ष वा विदेशी मुलुकबाट सञ्चालित कुनै पनि शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाईने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक परामर्श सेवा, बृजकोर्ष, भाषा शिक्षण कक्ष, पूर्वतयारी कक्ष वा विदेशी मुलुकबाट सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) संस्थागत विद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमका विवरण सहितको विवरण गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ।

**४७. दण्डसजाय:** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्धा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदिधकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गराएमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशन अनियमितता गरेमा,

(ङ) अर्काको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक परामर्श सेवा, बृजकोर्ष, भाषा शिक्षण कक्ष तथा पूर्वतयारी कक्ष सञ्चालन गरेमा,

(झ) कानुन विपरीत अन्य कुनै कार्य गरेमा,

(३) कानुन बमोजिमको कसूरको सम्बधमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्धा हेर्ने अधिकारी वा अदालतमा मुद्धा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारीलाई त्यसरी मुद्धा दायर भएको मितिदेखि मुद्धाको टुङ्गो नलागेसम्म निलम्वन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय हुनेछ।

(४) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले कसूर उपर कारवाही गर्न सक्नेछ।

**४८. सम्पत्ति सम्बन्धी मुद्धाको तहकिकात र दायरी:** (१) दफा ४७ को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धि मुद्धाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ र त्यसको तहकिकातको काम पुरा गरी मुद्धा हेर्ने अधिकारी समक्ष सम्बन्धित विद्यालयको नामबाट मुद्धा दायर गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्धा तहकिकात र दायर गर्दा तोकिएको अधिकारीले सरकारी वकिलको राय सल्लाह लिन सक्नेछ।

**४९. मुद्दा हेर्ने अधिकारीः** दफा ४७ को उपदफा (१) बमोजिम सजाय हुने कसुरमा सम्बन्धित निकायको अधिकार प्राप्त अधिकारीले कारवाही किनारा गर्नेछ।

**५०. पुनरावेदनः** (१) दफा ४७ को उपदफा १ र २ अन्तर्गत गरेको सजायको आदेश उपर प्रचलित कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

(२) तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ।

**५१. नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न कार्यपालिकाले आवश्यक नियम तथा निर्देशिका बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकुल प्रभाव नपर्ने गरी सो नियमद्धारा खास गरी देहायका कुराहरुको व्यवस्था हुन सक्नेछ।

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरीका,

(ग) विद्यालयलाई दिईने अनुदान,

(घ) विद्यालयको परीक्षा,

(ङ) विद्यालयको अतिरिक्त क्रियाकलाप र कार्यक्रम निर्धारण,

(च) विद्यालयका शिक्षक कर्मचारी सपथ ग्रहण सम्बन्धि,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरुको संख्या,

(ज) विद्यालयको सम्पत्तिको सुरक्षा,

(झ) विद्यालयको छात्रबास चलाउने,

(ञ) विद्यालयको आयव्ययको जाच,

(ट) विद्यालयको स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक वा सन्दर्भ सामाग्री,

(ठ) शिक्षक तथा विद्यार्थीहरुको आचारसंहिता,

(ड) विद्यालयको पुस्तकालय र वाचनालय,

(ढ) शिक्षण तथा विद्यालय व्यवस्थापन तालिम,

(ण) विद्यालयका शिक्षकहरुको सेवा शर्त सम्बन्धी,

(त) विशेष शिक्षा,

(थ) अनौपचारिक शिक्षा,

(द) शिक्षकहरुको सेवा गठन,

(ध) गाउँपालिका शिक्षा कोष,

(न) विद्यार्थी सल्लाह वा निर्देशन सेवा,

(प) आवासीय विद्यालय समबन्धी

**५२. निर्देशिका बनाउन सक्ने:** यस ऐन कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**५३. बाधा अड्काउ हटाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन स्थानीय राजपत्रमा सुचना प्रकाशित गरी दिन सक्नेछ र त्यसको आदेश यसै ऐनमा परे सरह मानिनेछ।

**५४. संक्रमणकालीन व्यवस्थाः** (१) यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेका काम नियमावली नआउँदासम्म गाउकार्यपालिकाले गर्न सकिनेछ।
(२) यो ऐन जारी भएपछि विद्यालयको रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ शिक्षा समितिको परामर्श लिई गाउँ कार्यपालिकाले दिन सक्ने छ।

**५५. संशोधन गर्न सक्ने अधिकारः** (१) यस ऐनको कुनै पनि दफाको मूल मर्म र भावनामा प्रतिकुल प्रभाव पर्ने गरी यो ऐन संशोधन गर्न सक्ने छ।
(२) यस ऐनको कुनै पनि दफा समय सापेक्ष वाञ्छनीय ठानिएमा गाउँ सभाको बहुमतबाट संशोधन गर्न सकिने छ।

**५६. बचाउ र लागु नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपालको संघीय कानुन बमोजिम हुने छ।

(२) यस ऐनमा लेखिएको कुनै पनि कुराले विद्यालयको सम्पति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) यस अघि कानुन बमोजिम शिक्षक, कर्मचारीहरुलाई संघीय सरकारले दिएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारबाही गर्न बाधा पर्ने छैन।

आज्ञाले,

गुरु प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका